## नीतिगत निर्णयहरु :

निर्णय नं.- १

बगनासकाली गाउँपालिकाको मिति २०७८।०३।०९ गते १० औं गाउँसभामा प्रस्तुत आर्थिक बर्ष ०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सर्वसम्मतिले पास गरियो ।

निर्णय नं.-२

बगनासकाली गाउँपालिकाको आ.व. ०७८/०७९ को लागि अर्थ सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न प्रस्ताव गरिएको आर्थिक विधेयक, २०७८ मा दफावार छलफल गरी संशोधन/ परिमार्जन सहित सर्वसम्मत पास गरियो ।

निर्णय नं.-३

बगनासकाली गाउँपालिकाको विनियोजन विधेयक, २०७७ मा दफावार छलफल गरी सर्वसम्मत पास गरियो ।

निर्णय नं.-४

बगनासकाली गाउँपालिकाबाट सञ्चालन हुने गोष्ठि, तालिम, कार्यशाला सञ्चालन खर्च सम्बन्धी मापदण्ड, २०७६ आवश्यक संशोधन सहित पारित गरियो ।

निर्णय नं.-५

बगनासकाली गाउँ कार्यपालिका बैठकले पारित गरी सभामा पेश गरेको **"संस्था दर्ता विधेयक, २०७८"** मा दफावर छलफल गरी सर्वसम्मत पास गरियो । साथै कार्यपालिका बैठकबाट विभिन्न मितिमा पारित भएका तपसिलका कार्यविधिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

(क) बगनासकाली गाउँपालिकाको संस्था दर्ता बिधेयक, २०७८

(ख) बगनासकाली गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८

(ग) व्यवसाय दर्ता तथा कर सम्बन्धी कार्यविधि, २०७८

(घ) बगनासकाली गा.पा.को बजेट तथा कार्यक्रम तर्जुमा समिति (कार्यसंचालन)कार्यविधि, २०७८

(ङ) बगनासकाली गा.पा.को स्थानीय राजश्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८

निर्णय नं.-६

बगनासकाली गाउँपालिकाको आठौं गाउँसभा पछि गाउँ कार्यपालिकाको १२ वटा बैठकबाट पारित भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-७

आठौं गाउँसभा पश्चात आजको मितिसम्म गाउँ कार्यपालिकाको बैठकबाट पटक पटक गरेको योजनाको रकमान्तर, शिर्षकान्तर, योजनाको नाम संशोधन सम्वन्धी गरेको सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै योजनामा रकमान्तर, शीर्षकान्तर र योजनाको नाम संशोधन गर्ने सम्वन्धमा वडा कार्यालयको सिफारिसमा गाउँ कार्यपालिका बैठकलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.-८

गाउँ कार्यपालिकाले विभिन्न मितिमा निश्चित प्रयोजनका लागि गठन गरेका विभिन्न समितिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-९

बगनासकाली गाउँपालिकाको चालु आ.व. ०७७/०७८ को २०७८ साल जेठ मसान्तसम्म स्थानीय संचित कोषबाट चालु र पू''जीगत गरी स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (Su-TRA)बाट लेखिएको जम्मा खर्च रु. २३,३३,०९,५९३।- (अक्षरुपी तेइस करोड तेत्तीस लाख नौ हजार पा''चसय तिरानब्बे रुपैया) सर्वसम्मत अनुमोदन गरियो । साथै चालु आ.व. ०७७/०७८ को असार मसान्तसम्म हुने खर्च अनुमोदन गर्ने जिम्मेवारी कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं.-१०

गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत शाखा प्रमुख तथा वडा कार्यालयमा कार्यरत वडा सचिवहरु, गाउँपालिकामा कार्यरत कम्प्युटर अपरेटर र लेखा सहायकलाई १० दिनको र गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी अन्य कर्मचारीहरुलाई ७ दिनको शुरु तलव स्केलको रकम गाउँसभा सम्पन्न गर्न अतिरिक्त समय खटे वापत प्रोत्साहन स्वरुप आन्तरिक श्रोतबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-११

दशौंगाउँसभा सम्पन्न गर्न विशेष जिम्मेवारीका साथ अहोरात्र काममा खटिएका गाउँ कार्यपालिकाको कार्यालयका प्र.प्र.अ. र आर्थिक प्रशासन शाखा प्रमुखलाई अतिरिक्त समय खटे वापत प्रोत्साहन स्वरुप १ महिनाको तलव बराबरको रकम आन्तरिक श्रोतबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-१२

गाउँपालिकामा कार्यरत गा.पा. तर्फका इन्जिनियरि, सेवाका प्राविधिकहरु र हलुका सवारी चालकलाई कामको शिलशिलामा अत्यधिक मात्रामा फिल्डमा खट्नु पर्ने हुनाले देहाय बमोजिम फिल्ड भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

(क) इन्जिनियरलाई मासिक रु. ८,०००।- (आठ हजार)

(ख) सब. ई. र अ.सव ई. लाई मासिक रु. ७,५००।- (सात हजार पा''चसय)

(ग) सवारी चालकलाई मासिक रु. ३,५००।- (तीनहजार पा''चसय)

निर्णय नं.-१३

आ.व. ०७७/०७८ मा यस गाउँपालिका अर्न्तगत सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको जा''चपास र फरफारक सम्वन्धि निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-१४

गाउँपालिकाको चालु खर्च शिर्षकमा विनियोजित रकमबाट कार्यालयको स्वीकृत दरवन्दी भित्रका प्राविधिक बाहेकका कर्मचारीहरुलाई मासिक १० लिटर र फिल्डमा नियमित खट्ने प्राविधिक र सूचना प्रविधि अधिकृतलाई मासिक १० देखि २० लिटरसम्म कामको प्रकृति, औचित्यता र आवश्यकताका आधारमा पेट्रोल ( इन्धन) को कुप्पन उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-१५

गाउँपालिकाका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको खर्च र फरफारक अनुमोदन गर्ने अधिकार गाउँ कार्यपालिका कार्यकारी वोर्डलाई दिने निर्णय गरियो ।

निर्णय नं.-१६

भौतिक पूर्वाधार निर्माणका योजनाहरु कार्यान्वयन गर्दा ३% (प्रतिशत) कन्टेन्जेन्सी रकम योजना रकमबाट गाउँपालिकाले काटनेछ, यस्तो रकम गाउँ कार्यपालिकाले योजना बनाई आवश्यकता र औचित्य अनुसार खर्च गर्ने निर्णय गरियो । साथै उपभोक्ता समिति/संघ संस्था मार्फत गरिने विकासात्मक निर्माण कार्यमा न्यूनत्तम १०% (प्रतिशत) जनश्रमदान गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं.-१७

आ.व. ०७८/०७९ मा एक लाख भन्दा वढीका निर्माणका योजना सञ्चालन गर्दा वढीमा ३३% रकम पेश्की उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-१८

योजना सञ्चालन गर्दा योजनाको डिजाइन, इष्टीमेट, तयार गरी संझौता गरेर मात्र काम शुभारम्भ गर्ने र अत्यावश्यक र औचित्य पुष्टि नभई इष्टीमेट परिवर्तन नगर्ने निर्णय गरियो ।

निर्णय नं.-१९

गाउँपालिकामा रहेको न्यायिक समितिबाट आ.व. ०७७/०७८ मा सम्पादन भएका कार्य तथा निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-२०

आर्थिक वर्ष ०७८/०७९ को लागि बगनासकाली गाउँपालिकाको निर्माण सामाग्री, ढुवानी र ज्याला आदिको स्थानीय दररेट जिल्ला दररेट समितिबाट निर्धारण भए बमोजिमको दररेटलाई आधार मानी कायम गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.-२१

बगनासकाली गाउँपालिका भित्र सञ्चालित लि□टी, खानेपानी आयोजनाको पम्पसेट विग्रीई मर्मत गर्दा समेत सञ्चालनमा आउन नसक्ने अवस्थामा प्राविधिकको लगत स्टीमेट बमोजिम उपभोक्ता समितिले पम्पसेट (मोटर) खरिद गरी प्राविधिक स्टीमेट, मूल्या·न, कार्यसम्पन्न प्रतिवेदन, वील भरपाई र पम्पसेट जडानको फोटो पेश गरेपछि खरिद वील रकमको ६०% ले हुन आउने रकम उपभोक्ता समितिलाई उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-२२

बगनासकाली गाउँपालिका भित्र कार्यक्षेत्र रहेका देहायका प्रहरी चौकीहरुलाई देहाय बमोजिम विनियोजन रकमबाट इन्धन वापत मासिक रुपमा १५/१० लिटर (पेट्रोल) कुप्पन उपलव्ध गराउने र बा“की हुन आउने रकम दुई किस्तामा (२०७८ पौष भित्र पहिलो किस्ता र २०७९ जेठ भित्र दोश्रो किस्ता) वीलको आधारमा मर्मत खर्च वापत उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल :

१. राम्दी प्रहरी चौकी - रु. ३५,०००।- (मासिक १५ लि. पेट्रोल र वांकी रकम मर्मत खर्च )
२. आर्यभन्ज्या, प्रहरी चौकी - रु. ३५,०००।- (मासिक १५ लि. पेट्रोल र वांकी रकम मर्मत खर्च )
३. भुषलडा“डा प्रहरी चौकी - रु. ३५,०००।- (मासिक १५ लि. पेट्रोल र वांकी रकम मर्मत खर्च )
४. वर्तु, प्रहरी चौकी - रु. २५,०००।- (मासिक १० लि. पेट्रोल र वांकी रकम मर्मत खर्च )
५. रानीघाट प्रहरी चौकी - रु. २०,०००।- (मासिक १० लि. पेट्रोल र वांकी रकम मर्मत खर्च )

निर्णय नं.-२३

विगत आ.ब. को बा‘‘की रहेको पेश्की तथा बेरुजु फछ्र्यौट तदारुकताको साथ गर्ने साथै, पेश्की माथी थप पेश्की नदिन एवं चालु आ.ब. को पेश्की सोहि आ.ब. मै फछ्र्यौट गराउने ब्यवस्था गाउँकार्यपालिका र वडा कार्यालयले गर्ने निर्णय गरियो ।

निर्णय नं.-२४

बगनासकाली गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी/आयुर्वेद औषधालय, वडा कार्यालय र गा.पा. कार्यालयमा सेवा करारमा कार्यरत सूचना प्रविधि अधिकृत, इन्जिनियर, कम्प्यूटर अपरेटर, स.ई.,अ.न.मी., ल्याव टेक्निसियन, सहायक कम्प्युटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी पदका कर्मचारीहरु कार्यालय सञ्चालन गर्न अति आवश्यक भएकोले २०७८ आषाढ मसान्तसम्मको लागि म्याद थप गरी कामकाज लगाउदै आएकोमा कार्यसम्पादनको आधारमा वडा कार्यालयको सिफारिसमा २०७९ आषाढ मसान्तसम्म ( वढीमा १ वर्ष) को लागि म्याद थप गरी करार सेवा संझौता गराई कामकाज लगाउने निर्णय गरियो ।

निर्णय नं.-२५

नेपाल सरकारको आ.व. ०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट बक्तब्यमा राष्ट्रसेवक कर्मचारीको मनोवल बढाउन २०७८ श्रावण १ गते देखि लागू हुने गरी तलवमानमा मासिक रु. २,०००।- (दुई हजार रुपैंया मात्र) वृद्धि गरिएकोले यस गाउँपालिकामा कार्यरत सबै करार सेवाका कर्मचारीहरुलाई उक्त वृद्धि रकम रु. २,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-२६

प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका, सामुदायिक सिकाई केन्द्र र विद्यालयका कर्मचारीलाई न्यून पारिश्रमिकमा कामकाज लगाउदै आएकोमा नेपाल सरकारको न्यूनतम रु. १५,०००।-(पन्ध्र हजार) मासिक पारिश्रमिक उपलव्ध गराउनु पर्ने कानून बमोजिम बालविकास केन्द्रका शिक्षिका, सामुदायिक सिकाई केन्द्र र विद्यालयका कर्मचारीले साविक खाईपाई आएको मासिक पारिश्रमिकमा रु. २,०००।- (दुई हजार रुपैया) नेपाल सरकारले थप गरी नपुग हुन आउने बा‘‘की रकम गाउँपालिकाबाट विनियोजन गरी रु. १५,०००।- मासिक पारिश्रमिक उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-२७

आ.व. ०७६/०७७ को महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरियो । सो सम्वन्धमा वडा कार्यालयहरुमा कार्यरत सहायक कम्प्युटर अपरेटरलाई आ.व. ०७६/०७७ मा भुक्तानी गरिएको तलब भत्ता अनियमित देखिएको सम्बन्धमा छलफल गरियो । वडा कार्यालयमा अत्यधिक रुपमा कार्यवोझ हुने र सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन उक्त पद र कर्मचारी आवश्यक पर्ने हु‘‘दा आ.व. ०७८/०७९ भित्र पालिकाको कार्यवोझको विश्लेषण गरी कर्मचारी संगठन तथा ब्यवस्थापन (इ ७ :) सर्भेक्षण गरी सर्वेक्षणमा स.क.अ. पद तथा अन्य आवश्यक पदहरु समावेश गरी पारित गर्ने र वडा कार्यालयमा कार्यरत सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीहरुको आ.व. ०७८/०७९ का लागि करार सेवा म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.-२८

बगनासकाली गाउँपालिकामा मगर जातिको बाहुल्यता रहेकोले प्रत्येक वर्ष फागुन १५ गते मगर दिवसको दिन गाउँपालिका भित्रका सरकारी कार्यालय, संघ/संस्था सबैलाई स्थानीय विदा दिने निर्णय गरियो ।

निर्णय नं.-२९

गाउँपालिकाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका एवं उत्कृष्ट कार्य गर्ने कृषक, गै.स.स., संचारकर्मी, उपभोक्ता समिति, पर्यटन व्यवसायी, निर्माण व्यवसायी, कर्मचारी, आमा समुह, सहकारी संस्था, युवा क्लव/खेलाडी, सांस्कृतिक टोली, आदीलाई कार्यपालिकाको निर्णय अनुसार सम्मानित एवं पुरस्कृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-३०

चालु शिर्षकको विनियोजित रकममा कुनै शिर्षकमा वढि र कुनै शिर्षकमा घटी मिलान गर्न वा संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं.-३१

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतलाई उपलव्ध गराउदै आएको आवास सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.-३२

कोभिड-१९ को दोश्रो लहरको संक्रमणका कारण जोखिममा रहेका शिक्षकहरुलाई हालसम्म पनि खोप सुविधाबाट वन्चित भएकाले शिक्षण संस्था जस्तो महत्वपूर्ण क्षेत्रमा कार्यरत शिक्षक/शिक्षिकाहरुलाई अविलम्व खोप सुविधा उपलव्ध गराउन नेपाल सरकारस‘‘ग पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.-३३

वडा कार्यालय र गाउँकार्यपालिकामा करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई आ.व. ०७७/०७८ मा वितरण गरिएको तलव भत्ता र सेवा सुविधा खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-३४

बगनासकाली गाउँपालिकाको आ.व. ०७७/०७८ को योजना तथा कार्यक्रमहरु पारदर्शी, प्रभावकारी र छिठो सम्पन्न गर्न देहाय बमोजिमको कार्य योजना २०७८, पारित गरी कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कार्य विवरण | कार्य शुरु गर्ने मिति | सम्पन्न गर्ने समय |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | २०७८ भाद्र १० गतेदेखि | २०७८ भाद्र २० सम्म |
| २ | उपभोक्ता समितिको तालिम | २०७८ भाद्र २१ गतेदेखि | २०७८ भाद्र मसान्तसम्म |
| ३ | योजना संझौता | २०७८ असोज ५ देखि | २०७८ फागुन मसान्तभित्र |
| ४ | ठुला योजना ठेक्काको सूचना | | २०७८ असोज १५ गते भित्र । |
| ५ | योजना सम्पन्न/फरफारक | २०७८ असोज देखि | २०७९ जेठ १५ सम्म |
| ६ | सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई | | २०७९ बैशाख १५ गते भित्र |